नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
विद्युत विकास विभाग
( अनुमतिपत्र महाशाखा )

फोन नं.: ४५३४११९
४५११५३७
४५१९५०१
४५३९३६२
फ्याक्स: ४५३९९०३
पोष्ट बक्स नं.: २५००७
सानो गौचरण, काठमाडौं, नेपाल

पत्र संख्या :- (अनुमतिपत्र) ०८१/८२
चलानी नं.:- 2263

मितिः २०८२/०३/०१

श्री वोन्डर्स इनर्जी सिस्टम प्रा.लि.
काठमाडौं, नेपाल।
फोन नः सम्पर्क नं. नभएको

**विषयः विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको दरखास्त सम्बन्धमा।**

प्रस्तुत विषयमा तहाँबाट प्रस्तावित कोलुवा खोला जलविद्युत आयोजनाको विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको दरखास्त सम्वन्धमा कारबाही हुँदा प्रस्तुत दरखास्त भन्दा अगाडि मिति २०८२/०२/१४ (द.नं. ८९५०) मा सोहि श्रोत तथा क्षेत्रमा श्री ह्याप्पी पावर प्रा.लि.बाट कोलुवा खोला जलविद्युत आयोजनाको दरखास्त पेश भएको र विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७५ (पाँचौ संसोधन) को दफा १२(१) बमोजिम सो दरखास्त पहिलो प्राथमिकतामा रहेको हुनाले सो दरखास्तको कारबाही निक्यौंल/टुंगो लागे पछि यस दरखास्तको कारबाही अगाडि बढाइने व्यहोरा मिति २०८२/०२/३० गतेको निर्णयानुसार जानकारी गराइन्छ।

.......................
(सुजन निरौला)
इन्जिनियर

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
# विद्युत विकास विभाग
(अनुमतिपत्र महाशाखा)

४५३४११९
४५११५३७
फोन नं.: ४५१९५०१
४५३९३६२
फ्याक्स: ४५३९९०३
पोष्ट बक्स नं.: २५००७
सानो गौचरण, काठमाडौं, नेपाल

पत्र संख्या :- (अनुमतिपत्र) ०८१/८२
चलानी नं.:- २२८५

मितिः २०८२/०२/२९

विषयः सितलपाटी सौर्य विद्युत आयोजना (१० मे.वा.) को ३३ के.भी. विद्युत प्रसारण लाइन आयोजनाको विद्युत प्रसारणको सर्वेक्षण अनुमतिपत्रको दरखास्त सम्बन्धमा ।

श्री हिमालयन सोलार पावर प्रा.लि.,
मध्य बानेश्वर, काठमाडौं ।
फोन नं. ९८५६०२४१५२

प्रस्तुत विषयमा तँहाबाट सितलपाटी सौर्य विद्युत आयोजना (१० मे.वा.) को ३३ के.भी. विद्युत प्रसारण लाईन आयोजनाको विद्युत प्रसारणको सर्वेक्षण अनुमतिपत्रको लागि पेश गरेको दरखास्त उपर कारवाही हुँदा तपशिल बमोजिमका विवरणहरु संलग्न नदेखिएकोले ३५(पैंतिस) दिन भित्र पेश गर्नु हुन विभागको मिति २०८२/०२/२६ को निर्णयानुसार जानकारी गराईन्छ ।

तपशिलः

१. १० मे.वा. सम्मको क्षमताको विद्युत प्रसारणको सर्वेक्षण अनुमतिपत्र दस्तुर वापत लाग्ने आवश्यक थप दस्तुर रु २०,०००/- (अक्षरुपी बीस हजार मात्र) जम्मा गरि विभागमा दाखिला गरेको आम्दानी रसिदको सक्कल प्रति ।
२. प्रस्तावित मुख्य र वैकल्पिक लाईन समेत देखिने गरी रेखांकन गरिएको नापी विभागद्वारा प्रकाशित स्थलरूप नक्सा ।
३. नेपाल विद्युत प्राधिकरणसँगको विद्युत खरिद-बिक्री सम्बन्धी सम्झौता वा कनेक्सन एग्रिमेन्ट।

..........................
(कर्सन महर्जन)
इन्जिनियर